आज मिति २०७५/०३/१० गते यस सोताङ गाउँपालिकाको आर्थिक वर्ष २०७५/०७६ को लागि नीति तथा कार्यक्रम एवम् वजेट निर्माणको लागि वसेको अधिबेशनमा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, तथा सम्पूर्ण सदस्यहरुको उपस्थितिमा देहाय बमोविम निर्णय गरियो ।

**निर्णय नं. १**

आर्थिक वर्ष २०७५/०७६ को लागि गाउँसभामा प्रस्तुत भएको नीति तथा कार्यक्रम सर्वसहमत पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

यस गाउँसभामा प्रस्तुत भएको अन्तरिम शिक्षा ऐन २०७४ अन्तरिम सहकारी ऐन २०७४, अन्तरिम आर्थिक कार्यविधि ऐन २०७४, अन्तरिम एफ.एम.रेडियो सञ्चालन तथा व्यवस्थापन २०७४, गाउँपालिकाले गरिने वजार अनुगमन निर्देशिका २०७५, गाउँ कार्यपालिका (कार्य विभाजन नियमावली २०७५, विपत व्यवस्थापन तथा कोष सञ्चालन निर्देशिका २०७५, सोताङ गाउँपालिकाको स्थानीय उर्जा विकास निर्देशिका २०७५, कर तथा गैर कर राजश्व लगाउने र उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको कानुन २०७५, एकिकृत सम्पत्ती व्यवस्थापन कार्यविधि २०७५, समपुरक कोष (सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७५, गाउँ कार्यपालिका कार्य सम्पदान नियमावली २०७५, घ वर्गको निर्माण व्यवसायी सम्बन्धि कार्यविधि २०७५, सोताङ गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने कार्यविधि २०७५, मर्मत सम्भार कोष (सञ्चालन तथा व्यवस्थापन कार्यविधि) २०७५, स्थनीय तहको उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन कार्यविधि २०७५ सर्वसम्मत पारित गर्ने निर्णय गरियो ।

**निनर्णय नं. ३**

गाउँसभाको आगामी बैठक २०७४/०३/२९ गते दिनको १० वजे बस्ने निर्णय गरियो ।